# नेपाल गजेट

नेपाल सरकारद्धारा प्रकाशित

खण्ड १] काठमाडौं आषाढ २७ गते २००१ साल [अतिरिक्ताङ्क


## भाग १

### लेखापढी शुद्ध र स्पष्ट हुनुपर्छ

( गृहमन्त्रालयको सूचना )

मन्त्रालयहरू र मन्त्रालयमातहतका अड्डाखानाहरूमा कामकाज लेखापढीमा सुधार र शुद्धता, स्पष्टता गरिल्याउनुपर्नेमा सो नभई धेरैजसो पुरानै ढाँचामा, अशुद्ध र अस्पष्ट लेखिरहने चलन चलिरहेकै छ। कतैबाट "फलाना अड्डाबाट फलाना अड्डाके पुर्जी उप्रान्त" भनी लेख्ने, अक्षरहरूमाथि शिरडिको नलगाउने वा शिरडिको दिए पनि एकदम बुझ्नै नसकिने गरी अशुद्ध र अस्पष्टसँग हेलचक्रयाईं गरी लेखा-पढी गर्ने, चलाउने, फेरि रसीद भरपाईमा बुझिलिनेको सहि दस्तखत स्पष्टसँग नलेख्ने इत्यादि गरी आएकोले उपरोक्त प्रणालीको लेखापढीले गर्दा एक थोकको अर्को थोक हुनजाने र मजबूनको" अर्थमा अनर्थ भई धोका भएर काममा हानी नोक्सानीसमेत पर्ने

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

धेरै संभावना भएकोले सूचित गरिएको छ। यसमा ध्यान रही अबदेखि अड्डासम्बन्धी लेखापढीमा त्यस्तो बेरीतसँग कसैले कसैलाई पनि लेखापढी गर्न हुन नपाउने गरी सावधानी राख्नुपर्ने र रसीद भरपाईमा बुझनेको दर्जा, नामसमेतको सहि दस्तखत स्पष्ट बुझिने गरी लेख्नेबारेमा सबै मन्त्रालय, अड्डाखानाहरूमा सहयोग भई उपरोक्त प्रकारले लेख्ने चलन चलाउनुपर्ने हुनाले, प्रत्येक मन्त्रालयहरूबाट र मातहतका अड्डाखानाहरूसमेतले उक्त प्रकारले शुद्ध र शिरडिकोसमेत दिई राम्रो स्पष्ट अक्षरमा बुझिने गरी लेख्ने लेखन लाउने प्रबन्ध भएमा कार्य--प्रणाली बेस हुन जानेछ।

सेक्रेटरी,

गृहमन्त्रालय.

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।